# खाद्यसुरक्षाका लागि सामुदायिक बीउ बैङ्क

■ अभियान संवाददाता

पुस ४, काठमाडौं । जलवायु परिवर्तनको असरसँग जुध्न तथा खाद्य सुरक्षा सुनिश्चितताका लागि दक्षिण एशियाली मुलुकमा 'सामुदायिक बीउ बैङ्क'को अवधारणा कार्यान्वयन गर्न सरोकारवालाले जोड दिएका छन् । 'साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोमेण्ट' (सावती)ले आयोजना गरेको 'सामुदायिक बीउ बैङ्कको सवालमा सार्क बीउ बैङ्क तथा आनुवांशिक पदार्थ हस्तान्तरण सम्झौता' विषयक छलफलका सहभागीले यस्ता धारणा राखेका हुन् । उनीहरूले पर्यावरणीय परिवर्तन र घट्दै गएको आनुवांशिक स्रोतको उपलब्धताका लागि सामुदायिक बीउ बैङ्कको सान्दर्भिकता बढ्दै गएको बताए ।

गुणस्तरीय बीउको उपलब्धता सुनिश्चित गर्न सार्क बीउ बैङ्क स्थापनासम्बन्धी सम्झौता भइसकेको छ । सामुदायिक बीउ बैङ्कले स्थानीय जातका बीउको संरक्षण र विकासका लागि काम गरिरहेको सावतीका प्रमुख कार्यकारी निर्देशक डा. रत्नाकर अधिकारीले बताए । बीउविजनको विषयमा विश्व परिवेशमा विभिन्न प्रयास र परिवर्तन भइरहेका छन् । उनले पछिल्लो समय सामुदायिक बीउ बैङ्क संस्थागत बन्दै गइरहेको भन्दै बीउ बैङ्कको कार्यक्षेत्र, सञ्चालन कार्यविधि, आनुवांशिक पदार्थ आदानप्रदान र त्यसको हस्तान्तरण विधिबारे चर्चा हुनुपर्ने बताए । छलफलमा अन्तरराष्ट्रिय र क्षेत्रीयस्तरमा भएका सन्धिसम्झौतामा बीउसम्बन्धी भएका प्रयासको पनि मूल्याङ्कन गरिनुपर्ने उनले बताए । त्यस्तै, स्थानीयस्तरमा सामुदायिक बीउ बैङ्क, राष्ट्रिय जिन बैङ्क र क्षेत्रीयस्तरको सार्क बीउ बैङ्कबीच कस्तो सम्बन्ध रहने भन्ने विषयमा पनि छलफल हुनुपर्नेमा कार्यक्रमका वक्ताले जोड दिए ।

> आनुवांशिक स्रोत साटासाटसम्बन्धी कानून बनाउँदा देशको सार्वभौम अधिकारको पक्षलाई भुल्न नहुनेमा सरोकारवालाको जोड

कृषिमा आधारित अर्थतन्त्र र आनुवांशिक स्रोतमा धनी भए पनि परम्परागत कृषि अभ्यास कायम रहेको नेपालमा बीउ प्रणालीसम्बन्धी बहसलाई तीव्रता दिनुपर्ने सहभागीको धारणा थियो । त्यस्तै, आनुवांशिक स्रोत साटासाटसम्बन्धी कानून बनाउँदा देशको सार्वभौम अधिकारको पक्षलाई भुल्न नहुनेमा सरोकारवालाले जोड दिए । जलवायु परिवर्तन अनुकूलनका लागि परम्परागत प्रविधि र खाद्यबालीका स्थानीय जातहरूको संरक्षण गर्नुपर्ने उनीहरूले बताए । सामुदायिक बीउ बैङ्क कचवां बाराका रामइकवाल प्रसाद यादवले भने, 'सामुदायिक बीउ बैङ्कहरूको दिगोपनका लागि सबैले सहयोग गर्नुपर्छ ।' सावतीअन्तर्गतको सार्क बीउ बैङ्क अध्ययन समितिका संयोजक कमलेश अधिकारीले संसारभरि नै बीउ साटासाट हुनुपर्छ भन्नेमा द्विविधा रहे पनि साटासाट विधिबारे थप छलफल आवश्यक रहेको बताए ।